# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ९ मिति : २०८१/०९/१२

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८१/०९/१२ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको नियम नं. ९

**गेरुवा गाउँपालिकामा जीवनस्तर सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि २०८१**

# गेरुवा गाउँपालिकामा जीवनस्तर सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि २०८१

प्रमाणीकरण मितिः २०८०/०९/१२

गेरुवा गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने समुदायको जीविकोपार्जन सुधारको लागि समुदायका सदस्यहरुकै सक्रियतामा बचत संकलन र परिचालन गरी गाँउघरमै कार्यक्रम, साना उद्यम तथा हरित उद्यम व्यवसाय संचालन गर्न जम्मा भएको रकम सदुपयोग गरी कोष वृद्धि गर्न र वीउ पुँजीको रुपमा प्राप्त अनुदान तथा सहयोगको संरक्षण, व्यवस्थापन र परिचालन मार्फत सहभागी सदस्यहरुको आर्थिक, सामाजिक तथा शैक्षिक क्षमता तथा दक्षता अभिवृद्धि गरी आधारभूत आवश्यकता परिपूर्तिगर्नका लागि घुम्तीकोष स्थापना र परिचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

**(१)** यो कार्यविधिको नाम "गेरुवा गाउँपालिका जीवनस्तर सुधारको लागि घुम्तीकोष परिचालन कार्यविधि २०८१" हुनेछ ।

(२) यो कार्यविधि गेरुवा गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२. उद्देश्यहरुः**

(१) यस घुम्तीकोष स्थापनाका उदेश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) समुदायमा रहेका वन्यजन्तुबाट प्रभावित परिवारका सदस्यहरुलाई प्राथमिकता दिई जीविकोपार्जन र आयआर्जन गर्नको लागि समूह गठन गरी सहभागितामूलक वचत संकलन गर्ने ।

(ख) संकलित बचतको परिचालन गरेर आयमूलक कार्यक्रम र हरित उद्यम संचालनका लागि सहुलियत ब्याज दरमा ऋण प्रवाह गरेर आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्ने अवस्था सृजना गर्ने ।

(ग) वन्यजन्तु प्रभावित समुदायको आयआर्जनका लागि लगानीको सुनिश्तिता गर्न घुम्तीकोष स्थापना गर्न सहयोग गर्ने ।

(घ) स्थानीय स्तरमा स्वरोजगारको अवस्था सिर्जना गर्न सहयोग गर्ने ।

**३. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "घुम्तीकोष " भन्नाले यस कार्यविधि अनुसार समुदायमा स्थापना भएको वित्तीय कोषलाई जनाउदँछ

(ख) "घुम्तीकोष अनुदान" भन्नाले बुँदा(क)बमोजिम स्थापित घुम्तीकोष स्थापनाको लागि नेपाल सरकार /गाउँ पालिका/गैर सरकारी संघसंस्था वा अन्य निकायबाट पाउने नगद अनुदानलाई सम्झनु पर्दछ ।

(ग) "घुम्तीकोष संचालक" भन्नाले घुम्तीकोष संचालन गर्ने बैधानिक समूहलाई सम्झनु पर्दछ ।

(घ) "गाउँ पालिका" भन्नाले गेरुवा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "सभा" भन्नाले गेरुवा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(च) "पालिका प्रमुख" भन्नाले गाउँ पालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "पालिका उप प्रमुख" भन्नाले गाउँ पालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "कार्यपालिका" भन्नाले गेरुवा गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गेरुवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) "वडा" भन्नाले गेरुवा गाउँपालिका अन्तर्गतका वडा कार्यसमितिको कार्यालयलाई सम्झनु पर्दछ ।

(ट) "बिधान" भन्नाले अनुसूची-३ बमोजिम तयार पारिएको घुम्तीकोष सञ्चालकको प्रमाणित मूल कानून वा विनियमलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## घुम्तीकोष संचालन

**४. घुम्तीकोष संचालक समूहको व्यवस्थाः**

(क) घुम्तीकोष संचालन गर्नका लागि गेरुवा गाउँपालिका भित्र कुनै गाउँ टोलमा समूह गठन गरी गाउँपालिकाको आर्थिक विकास शाखामा अनुसूची-१ बमोजिम निबेदन सहित प्रमाणित बिधान पेश गर्नुपर्नेछ ।

(ख) पेश हुन आएको निबेदन उपर छानबिन गरी गाउँपालिकाले अनुसूची-२ बमोजिमको दर्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(ग)समूह दर्ता गर्न अनुसूची-३ बमोजिमको ढाँचामा समूहको बिधान सहित सञ्चालक समिति गठन गर्नुपर्नेछ ।

(घ) संचालक समितिमाको मुख्य पद अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा १ जना महिला र जम्मा सदस्यको ३३ प्रतिसत महिला सदस्य सहित कुल ११ जना सदस्य भएको समिति गठन गर्नुपर्नेछ ।

(ङ)घुम्तीकोष स्थापना गर्दा न्यूनतम रु.१,००,०००। (अक्षरुपी एक लाख) बाट शुरुवात गर्नुपर्नेछ ।

(च) समुदायका सदस्यहरुवाट मासिक वचतमा उठेको रकम र अन्य विविध निकायहरु वाट प्राप्त अनुदान रकम समेत सोही खातामा जम्मा गर्नुपर्नेछ ।

(छ) कोष परिचालनको क्रममा प्राप्त व्याज रकम वा अन्य थप रकम जम्मा गरेर कोषलाई वृदि गर्दै लैजानुपर्दछ ।

(ज) कोषको संचालन व्यवस्थापन घुम्तीकोष संचालक समूह स्वयंले गर्नुपर्नेछ ।

(झ) घुम्तीकोषको संचालन वैकिङ कारोवार मार्फत गरिने छ ।

(ञ) समूहले कोषको हिसाव कितावमा पारदर्शिता ल्याउन वैंक खाता तथा ऋणीहरुको खाता तयार गर्नेछ

(ट)कोषको हिसाव कितावको विवरण प्रत्येक महिना तयार गर्नुपर्दछ ।

(ठ)वार्षिक रुपमा लेखा परिक्षण दर्तावाल लेखा परिक्षक वाट गर्नुपर्नेछ ।

(ड)बढि भन्दा बढि समुदायका मानिसहरुलाई फाईदा पुग्ने गरी कोषको परिचालन गर्नुपर्नेछ ।

**५.घुम्तीकोषको लगानीको क्षेत्रः**

(१) दफा ४ अनुसार स्थापना गरिएको घुम्तीकोष देहाय बमोजिममा क्षेत्रमा लगानी तथा परिचालनका गर्नुपर्नेछः-

(क) सहभागितात्मक प्राथमिकता स्तरीकरण गरेर वन्यजन्तुबाट प्रभावित समुदायलाई प्राथमिकतामा राखी सहुलियत ऋण उपलब्ध गराउनुपर्नेछ ।

(ख) घुम्तीकोषबाट सहुलियत ऋण लिएका व्यक्तिले निम्न पेसा व्यवशायमा लगानी गर्नसक्नेछनः

(अ) साना उद्यम तथा हरित उद्यम व्यवसाय संचालन ।

(आ) तरकारी, फलफुलमा आधारित आयआर्जनमूलक कार्यक्रम संचालन ।

(इ)कृषि तथा पशुपालन ब्यवसाय ।

(ई)हरित उद्यममा आधारित कोशेली घर संचालन ।

(उ) अन्य आयआर्जन गर्ने प्रकृतिका बिविध योजना

**६. घुम्तीकोष अनुदानः**

(१) घुम्तीकोष संचालकले आफ्नो घुम्तीकोष स्थापना र बृद्धि गर्नको लागि संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका, वडा कार्यालय, अन्य निकाय वा गैर सरकारी संघ संस्थाबाट अनुदान लिन सक्नेछ ।

(क) यसरी अनुदान प्राप्त रकम कोषमा जम्मा गर्नुपर्नेछ ।

(ख) कोषमा जम्मा भएको रकम निर्णय गरेर मात्र खर्च गर्नुपर्नेछ ।

**७. घुम्तीकोष परिचालनका नियमहरुः**

(क) घुम्तीकोष परिचालन गर्दा घुम्तीकोष संचालकले घुम्तीकोषबाट परिचालन हुने ऋणको सिमा, ब्याजदर, किस्ता भुक्तानी, लगानी, असुल उपर आदि कुरा समेटी आवश्यक नियम बनाई दुई तिहाई सदस्य बाट अनुमोदन गराएर मात्र परिचालन गर्नु पर्नेछ ।

(ख) घुम्तीकोषको परिचालन दफा ५ बमोजिमको क्षेत्रमा सदस्यको माँग, आवश्यक्ता, क्षमता, काम गर्ने ठाउको अवस्थिति आदि लाई आधार मानेर गर्नुपर्नेछ ।

(ग)घुम्तीकोषवाट ऋण प्रवाह गर्दा पहिलो चरणमा वन्यजन्तुबाट पीडित परिवारका सदस्यहरु लाई प्राथमिकता दिने छ । त्यसपछि बिपन्न र गरिवलाई पालै पालो प्राथमिकता क्रममा राख्नु पर्नेछ ।

(घ) लगानी भएको कोषको रकम कामको प्रकृति हेरेर मासिक वा त्रैमासिक किस्ता फिर्ता गर्नु पर्नेछ ।ऋण परिचालनको क्रममा किस्ता भुक्तानी प्रकृया र रकम तय गर्नुपर्नेछ ।

(ङ)कोषको रकम परिचालन घुम्तीकोष संचालकको सामुहिक जिम्मेवारीमा गर्नुपर्नेछ ।

(च) घुम्तीकोष परिचालनका लागि घुम्तीकोष संचालक अन्तर्गत बिषयगत समिति गठन गर्न सक्नेछ जस्तैः बाख्रा पाल्ने सदस्यहरुको विषयगत समिति, सिलाई कटाई सिक्ने सदस्यहरुको बिषयगत समिति आदि

(छ) घुम्तीकोष संचालक वा सम्बन्धित सदस्यले घुम्तीकोष दुरुपयोग, हिनामिना, कुनै लापर्बाही वा अन्य नियम बिपरित कार्य गर्न पाउने छैन ।

(ज) कोषको रकम दुरुपयोग, हिनामिना, लापर्वाही भएको पाईएमा हिनामिना बिगो र सोही बराबरको जरिमाना समेत गरी गाउँपालिकाले असुल उपर गर्नेछ ।

**८. घुम्तीकोषको परिचालन विधिः**

(क) घुम्तीकोषवाट सहुलियत ब्याज दरमा सहयोग लिनका लागि कुनैपनि सदस्यले आफुले गर्न चाहेको काम / व्यवसाय र आवश्यक रकम स्पष्ट लेखी समूहमा निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा त्यो काम कसरी संचालन गरिन्छ र कति समयमा के कति फाईदा हुन्छ, उल्लेख गर्नुपर्नेछ ।

(ग) घुम्तीकोष संचालकले सदस्यहरु वाट प्राप्त निवेदनमा आवश्यक छलफल पछि व्यावसायिक योजना तयार गर्नुपर्नेछ ।

(घ) सोही व्यावसायिक योजना अनुसार सहुलियत ब्याज दरमा ऋण प्रदान गर्ने निर्णय गर्नुपर्नेछ।

(ङ) माँगको आधारमा उक्त सदस्यले काम गर्न सक्ने, नसक्ने ठहर घुम्तीकोष संचालनको वैठकले गर्नुपर्नेछ ।

(च) साथै वैठकले सदस्यको कार्यशैली, क्षमता र घुम्तीकोष परिचालन नियमका आधारमा सहुलियत ऋण उपलब्ध गराउने वा नगराउने निर्णय गर्न सक्नेछ ।

(छ) घुम्तीकोषबाट सहुलियत ऋण परिचालन गर्ने निश्चित भएर सवै प्रकृया पुरा गरे पछि कबुलियत नामा तयार पारि कम्तिमा २ जना सदस्यहरु लाई साक्षी राखी घुम्तीकोष संचालक र ऋणी बिच सही छाप गराई सम्झौता गरी रकम उपलब्ध गराउनु पर्नेछ ।

(ज) घुम्तीकोष परिचालनको भुक्तानी वैंक वाट मात्र गर्नुपर्नेछ ।

**९. चक्रिय ऋण लगानी विधिः**

(क) घुम्तीकोषको रकम लिएको सदस्यहरुले सम्झौता वा कबुलियत नामा अनुसार भुक्तानी गर्नुपर्ने छ । यसरी रकम प्राप्त भएपछि घुम्तीकोष संचालकले रकम असुली भरपाई दिनुपर्नेछ ।

(ख) घुम्तीकोष संचालकका सदस्यहरुमा एक पछि अर्को गर्दै आवश्यक भएका सम्पूर्ण सदस्यहरुमा लगानी गरि सके पछि मात्र पुनः दोहोर्याएर लगानी गर्नु पर्नेछ । कुनै सदस्य ऋण लिनु ईच्छुक नभएमा निजबाट सो सम्बन्धि निवेदन लिई प्राथमिकताको आधारमा चक्रिय प्रणाली अनुसार अन्य सदस्यमा लगानी गर्नुपर्नेछ ।

(ग)सदस्यहरुवाट प्राप्त भएको रकम ७ दिन भित्र बैंक दाखिला गर्नुपर्ने छ । वैंकवाट ६/६ महिनामा कारोवार विवरण लिएर आफ्नो बैंक खातासंग अद्यावधिक गर्नुपर्नेछ ।

(घ) संचालकले वार्षिक रुपमा नाफा नोक्सान विवरण वासलात तयार पार्नु पर्नेछ ।

(ङ)घुम्तीकोषबाट ऋण परिचालन गरी भएका काम र खर्चको १/१ बर्षमा सार्वजनिक सामुदायिक लेखा परिक्षण गराउनु पर्नेछ ।

## परिच्छेद ३
## विवाद समाधान

### १०. विवादको समाधानः

(१) यस कार्यविधि अन्तर्गत स्थापना गरिएको घुम्तीकोष स्थापना, परिचालन, ब्यवस्थापन सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी वार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निबेदन दिनु पर्नेछ ।

## परिच्छेद ४
## अनुगमन तथा अन्य व्यवस्था

### ११. अनुगमन व्यवस्थाः

घुम्तीकोष स्थापना, परिचालन ब्यवस्थापनको अवस्थाको बारेमा अनुगमनको व्यवस्था देहाय वमोजिम हुनेछः

(क) घुम्तीकोष संचालनको अवस्थाको बारेमा गाउँपालिकाका पदाधिकारी, वडा समिति, आर्थिक बिकास शाखाबाट नियमित अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ ।

(ख) घुम्तीकोष संचालन गर्न सहयोग गर्ने सस्थाले समेत सुपरिवेक्षण तथा अनुगमन गर्नसक्नेछ ।

(ग) घुम्तीकोषबाट सहुलियत ऋण प्रदान गरिएका ऋणी र निजहरुले संचालन गरेका उद्यमको बारेमा घुम्तीकोष संचालकले प्रत्येक महिनामा आर्थिक विकास शाखामा प्रतिवेदन उपलब्ध गराउनुपर्नेछ ।

(घ) अनुगमनको क्रममा अनुदान प्राप्त घुम्तीकोषको रकम प्रभावकारी रुपमा सदुपयोग नभएको पाईएमा गाउँपालिकाले घुम्तीकोष संचालकलाई उपलब्ध गराएको रकम वैंक रोक्का गर्न सक्नेछ ।

### १२. बाधा अड्काउ फुकाउनेः

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै वाधा अड्चन उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**१३. कार्यविधिको परिमार्जनः**

अनुगमन तथा मुल्याङ्कन र अनुभवको आधारमा गाउँ कार्यपालिकाले यस कार्यबिधिमा आवश्यकता अनुसार पुनरावलोकन, संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

**१४. अन्य कुराः**

यस कार्यविधिमा सम्पूर्ण कुरा यसै बमोजिम, अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. अन्तिम ब्याख्याः**

यस कार्यविधिको कार्यान्वयनमा दुविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको ब्याख्या अन्तिम हुनेछ

**१६. बचाउ तथा खारेजीः**

गाउँ कार्यपालिकाले यो कार्यविधि खारेजी वा अन्य मनासिव कुरा बचाउ समेत गर्न सक्नेछ ।

अनुसूची-१

(कार्यविधिको दफा ४ उपदफा (क) संग सम्बन्धित)

**समूह दर्ता गर्न गाउँपालिकामा पेश गर्ने निवेदनको ढाँचा**

मितिः २०.....।.....।......

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

गेरुवा गाउँपालिका

पशुपतिनगर बर्दिया

**विषयः समूह दर्ता गरिदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा हामीले “**"वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार घुम्तीकोष परिचालन समूह**” नामक समूह **"गेरुवा गाउँपालिका जीविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि २०८१"** बमोजिम दर्ता गर्न चोहेकोले प्रस्तावित विधानको १ (एक) प्रति, पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि १/१ प्रति समेत यसैसाथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन गरेका छौ । समूह दर्ता गरी पाउँ ।

**विवरण**

१. समूहको नामः “.............. समूह ”

२. संस्थाको ठेगानाः गेरुवा गाउँपालिका वडा नं......... (गाउँ/टोल) बर्दिया ।

३. संस्थाको आर्थिक श्रोतः सहयोग स्वरुप प्राप्त रकम, साधारण सदस्यबाट उठेको रकम

४. समूहका पदाधिकारीको विवरणः

| क्र.स. | नाम, थर | संस्थाको पद | स्थायी ठेगाना | पेसा | कैफियत |
|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | |
| २ | | सचिव | | | |
| ३ | | कोषाध्यक्ष | | | |
| ४ | | सदस्य | | | |
| ५ | | सदस्य | | | |
| ६ | | सदस्य | | | |
| ७ | | सदस्य | | | |
| ८ | | सदस्य | | | |
| ९ | | सदस्य | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | | सदस्य | | | |
| ११ | | सदस्य | | | |

निवेदक

..................

अध्यक्ष

मितिः२०........।.....।......

अनुसूची-२

(कार्यविधिको दफा ४ उपदफा (ख) संग सम्बन्धित)

**समूहलाई दिने दर्ता प्रमाणपत्रको नमुना**

गेरुवा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

पशुपतिनगर, बर्दिया

**<u>समूह दर्ता प्रमाण-पत्र</u>**

"गेरुवा गाउँपालिकाको जीविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि २०८१" को दफा ४ उपदफा (ख) बमोजिम गेरुवा गाउँपालिका वडा नं. ....... स्थित ...................................... मा गठन भएको ..................................................... समूहलाई यस कार्यालयमा मिति ............................................. मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ । यस गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस समूहको सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

.................................

समूह दर्ता गर्ने अधिकारी

नामः ....................

प्रमुख प्रशासकीय अधिकृत

गेरुवा गाउँपालिका

पशुपतिनगर बर्दिया

अनुसूची-३

(कार्यविधिको दफा ४ उपदफा (ग) संग सम्बन्धित)

## समूह दर्ताका लागि समूहले बनाउने विधानको नमुना

## वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार घुम्तीकोष परिचालन समूहको बिधान २०८१

बर्दिया जिल्ला गेरुवा गाउँपालिका क्षेत्रमा बसोवास गर्ने वन्यजन्तु प्रभावित समुदायको आयआर्जन एवं जीविकोपार्जनकोलागि सानो व्यवसाय र हरित उद्यम सञ्चालन गर्न सरल, शुलभ प्रक्रिया र न्यून ब्याज दरमा ऋण उपलब्ध गराउनको लागि "गेरुवा गाउँपालिकावन्यजन्तु प्रभावित समुदायका लागि जीविकोपार्जन सुधार घुम्तीकोष परिचालन कार्यविधि २०८१" को दफा ४ (ग) मा भएको ब्यवस्था बमोजिम यो बिधान तयार गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

२. **संक्षिप्त नाम र प्रारम्भः(१)** यो बिधानको नाम **"वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार घुम्तीकोष परिचालन समूह .....(गाउँ/टोल) को बिधान २०८१"** हुनेछ ।

(२) यो बिधान गेरुवा गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२ .**कार्यालय र छापः**

क. समूहको कार्यालय बर्दिया जिल्ला गेरुवा गाउँपालिका वडा नं .... ........ गाउँमा रहनेछ।

ख. समूहको आफ्नै आधिकारिक छाप हुनेछ । चारपाटे घेरा भित्र सबै भन्दा माथि "**वन्यजन्तु प्रभावित समुदायको** जीविकोपार्जन सुधार घुम्तीकोष "त्यसको तलपट्टि ठेगाना" गेरुवा न.पा. वडा नं**...........(गाउँ/टोल)** "र सबै भन्दा तल स्थापना बर्ष" २०...... "उल्लेख भएको हुनेछ ।

**(क) परिभाषाः**

(क) "गाउँपालिका" भन्नाले गेरुवा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) "समूह" भन्नाले बिभिन्न किसिमले प्रभावित समुदायको जीविकोपार्जन सुधार धुम्ती कोष परिचालन समूह (गाउँ/टोल) लाई सम्झनु पर्दछ

(ग)" कार्यविधि" भन्नाले गेरुवा गाउँपालिकाजीविकोपार्जन सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि २०८१ सम्झनु पर्दछ ।

(घ) "सञ्चालन समिति" भन्नाले समूहको कार्यसमिति भन्ने सम्झिनु पर्दछ ।

(ङ)"कोष" भन्नाले समूहको नाममा रहेको जीविकोपार्जन सुधार घुम्तिकोष भन्ने सम्झनु पर्दछ

(च) "व्यावसायिक योजना" भनाले घुम्तीकोषबाट जीविकोपार्जनको लागि न्यूनतम व्याजदरमा ऋण लिएर सञ्चालन गर्न सकिने समुदायबाट पहिचान भएका क्रियाकलापको योजना भन्ने सम्झुनु पर्दछ ।

(छ) **"हरित उद्यम"** भन्नाले वन तथा कृषि क्षेत्रसंग सम्बन्धित सबै प्रकारको पेसा, व्यावसाय सम्झनु पर्दछ ।

(ज) " सहयोगि सस्था" भन्नाले समूहको घुम्तीकोष सञ्चालनको लागि रकम उपलब्ध गराउने, समूहको स्वीकृत कार्यविधि र व्यवसायिक योजना बमोजिमका कार्यक्रम सञ्चालनको लागि आर्थिक वा प्राबिधिक सहयोग उपलब्ध गराउने सस्था भन्ने सम्झनु पर्दछ ।

(झ) "कोष सञ्चालक" भन्नाले समूहको सञ्चालन समिति भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद -२

## समूह र सञ्चालक समिति गठन बिधि

**४. समूह गठन बिधिः** (१) बर्दिया जिल्ला गेरुवा गाउँपालिका **वडा नं. ......(गाउँ/टोल)** गाउँमा स्थायी बसोवास भएका एक घरका एक ब्यक्ति समूहको साधारण सदस्य हुनेछन ।

(२) समूहको साधारण सदस्यको भेलाले सर्वसम्मत वा बहुमतको आधारमा एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, एक जना सचिव, एक जना कोषाध्यक्ष र सात (७) जना सदस्य रहेको सञ्चालन समिति चयन गर्नुपर्नेछ ।

(३) सञ्चालन समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक (१) पदमा अनिवार्य सहित तेत्तीस प्रतिसत (३३%) महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

## परिच्छेद -३

## सञ्चालन समितिको काम, कर्तब्य र अधिकार

**५. सञ्चालक समितिको काम, कर्तब्य र अधिकारः** (१) सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्ना सदस्यहरुको आर्थिक अवस्था पहिचान गरी अनुसूची-१ को ढाँचामा सहभागितात्मक प्राथमिकता स्तरीकरण सूची तयार गर्ने, आवश्यक्ता अनुसार अद्यावधिक गर्ने ।

(ख) जीविकोपार्जन तथा आयआर्जनको लागि घुम्तीकोष स्थापना गरी परिचालन गर्ने ।

(ग)सहभागितामूलक सम्पन्नता स्तरीकरणको आधारमा जीविकोपार्जन तथा आयआर्जनको लागि ऋण उपलब्ध गराउने वा नगराउने निर्णय गर्ने ।

(घ) अनिवार्य रुपमा मासिक बैठक बसी कोषसंग सम्बन्धित बिषयमा आवश्यक छलफल र निर्णय गर्ने

(ङ)ऋण लिएका सदस्यहरुबाट ऋणको किस्ता र ब्याज संकलन गरी बिवरण अद्यावधिक गर्ने ।

(च) घुम्तीकोषको बार्षिक रुपमा लेखापरिक्षण गर्ने गराउने।

(छ) सञ्चालक समितिका पदाधिकारी एवं साधारण सदस्यहरुका लागि क्षमता बिकास तालिमको आयोजना गर्ने ।

(ज) सञ्चालक समितिलाई आवश्यक राय, सुझाव उपलब्ध गराउनका लागि सल्लाहकार समिति गठन गर्न सक्ने ।

(झ) ऋण परिचालनको लागि व्यावसायिक योजना स्वीकृत गरेर कार्यान्वयन गर्ने गराउने ।

(ञ) बार्षिक प्रगति र लेखा परिक्षण प्रतिबेदन गाउँपालिका र सहयोगि सस्थामा पेश गर्ने ।

(ट)नया आर्थिक बर्ष शुरु भएको ३ (तीन) महिना भित्र आफ्नो समूह गाउँपालिकाबाट नविकरण गराउने ।

(ठ)गाउँपालिका, निकुञ्ज कार्यालय / डिभिजन वन कार्यालय, सहयोगि सस्थाबाट अनुगमन तथा मूल्याङ्कन गराउने ।

## परिच्छेद -४

## सञ्चालन समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार

**६. सञ्चालन समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः**

(१) सञ्चालन समितिको बैठक सामान्यतया महिनामा एक पटक अनिवार्य र आवश्यक्ता अनुसार सो भन्दा बढि पटक पनि बस्न सक्नेछ ।

(२) सञ्चालन समितिको बैठक बस्न गणपुरक संख्या ७५ प्रतिसत हुनुपर्नेछ र ५१ प्रतिसत बहुमतबाट गरेको निर्णय मान्य हुनेछ ।

(३) सञ्चालन समितिका पदाधिकारीको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

**(अ) अध्यक्ष**

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठकमा उठेका बिषयमा छलफल गराउने ।

(ग)निर्णय गर्नुपर्ने बिषयमा मत बराबर भएमा निर्णायक मत दिने ।

(घ) आर्थिक कारोबार सञ्चालन गर्ने ।

(ङ)गाउँपालिका, निकुञ्ज कार्यालय र अन्य सरोकारवाला निकायसंग समन्वय एवं सहकार्य गर्ने ।

(च) सञ्चालन समितिले तोकेका अन्य काम गर्ने ।

**(आ) उपाध्यक्ष**

(क) सञ्चालन समितिको बैठकमा उपस्थित हुने ।

(ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(ग) कोष सञ्चालनको अवस्था अनुगमन गरी समूहमा आवद्ध भएका सदस्यलाई सहयोग गर्ने ।

(घ) सञ्चालन समितिले तोकेका अन्य काम गर्ने ।

**(ई) सचिव**

(क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने ।

(ख) बैठकको माइन्युट लेखन गर्ने ।

(ग) समूहको कार्यालय सञ्चालन तथा सबै प्रशासनिक कार्य गर्ने ।

(घ) समूह र सञ्चालन समितिका माइन्युट लगायत प्रशासनिक कागजातको जिम्मा लिने र सुरक्षित साथ राख्ने ।

(ङ) समूहका जिन्सी सामान र चल अचल सम्पत्तिको आम्दानी बाँध्ने र सुरक्षा गर्ने ।

(च) सञ्चालन समितिले तोकेका अन्य कार्य गर्ने ।

**(ई) कोषाध्यक्ष**

(१) समूहको लेखा परिचालन तथा आम्दानी खर्चको हिसाब किताब राख्ने र कागजात जिम्मा लिइ सुरक्षित राख्ने।

(२) सञ्चालन समितिको निर्णय अनुसार सदस्यहरुलाई ऋण दिने र तोकिएको समयमा ब्याज तथा किस्ता संकलन गर्ने ।

(३) बार्षिक रुपमा लेखापरिक्षण गराउने ।

(४) लेखा परिक्षण प्रतिबेदन गाउँपालिका, निकुञ्ज कार्यालय र सहयोगि सस्थामा पठाउने ।

(५) सञ्चालन समितिले तोकेका अन्य कामहरु गर्ने ।

**(उ) सदस्य**

(१) बैठकमा उपस्थित हुने ।

(२) छलफलमा भाग लिने ।

(३) निर्णय प्रक्रियामा सहभागि हुने ।

(४) ऋण लगानी र अशुलीमा सहजिकरण गर्ने ।

(५) सञ्चालन समितिले तोके बमोजिमको जिम्मेवारी बहन गर्ने ।

## परिच्छेद -५
## कोष सञ्चालन तथा ऋण प्रदान गर्ने प्रक्रिया

**७ .कोष सञ्चालन तथा ऋण प्रदान गर्ने प्रकृयाः (१) समूहका नाममा बैंकमा घुम्तीकोष खाता खोली जीविकोपार्जन र आयआर्जनकालागिसंघीय सरकार, प्रदेश सरकार, गाउँपालिका, वडा कार्यालय लगायत अन्य निकाय र गैर सरकारी संघ, सस्था, समुहहरुबाट प्राप्त हुने रकम सोही खातामा जम्मा गरी आर्थिक कारोबार सञ्चालन गर्नुपर्नेछ ।**

**१. घुम्तीकोष खोल्नको लागि न्यूनतम रु.१,००,०००।) एक लाख (रकम खामा जम्मा गर्नुपर्न छ)**

**२. समूहले बैठकको निर्णय संलग्न राखी गाउँपालिकाको सिफारीसमा बैंक खाता खोल्न सकिनेछ ।**

**३. समूहले प्रवाह गर्ने ऋण बापत आम्दानी हुने ब्याज रकम समेत सोही खातामा जम्मा हुनेछ । सो ब्याजबापत प्राप्त आम्दानीको ७५ (पचहत्तर) प्रतिसत समूहको कोषमा जम्मा गर्ने र बाँकी रकम कार्यालय सञ्चालन ,स्टेसनरी र प्रशासनिक कार्यमा खर्च गर्न सक्नेछ ।**

**(४) कोषमा निम्नानुसारको रकम जम्मा गर्न सकिनेछः**

**(क) नेपाल सराकर, प्रदेश सरकार, गाउँपालिकाबाट उपलब्ध गराइएको रकम ।**

**(ख) निकुञ्ज वा डिभिजन वन कार्यालय वा उपभोक्ता समितिबाट उपलब्ध गराइएको रकम ।**

**(ग) सहयोगि सस्था वा निकायबाट उपलब्ध गराइएको रकम ।**

**(घ) सदस्यहरुले बचत गरेको रकम।**

**(ङ)ऋण लिएका सदस्यहरुबाट प्राप्त ब्याज रकम ।**

**(च)समूहले स्रोत जुटाएर आफ्नो कोष बृद्धि गर्दै जान सक्नेछ ।**

**८. खाता एवं आर्थिक कारोबार संचालनः** (१) समूहको खाता सञ्चालन एवं आर्थिक कारोबार अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतमा सञ्चालन गर्नुपर्नेछ ।

**९. ऋण उपलब्ध गराउन सक्नेः** (१) घुम्तीकोषबाट ऋण प्रवाह गर्दा देहायबमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्नेछः

(क) जीविकोपार्जन तथा आयआर्जन सम्बन्धि काम गर्नका लागि ऋण लिन चाहने सदस्यले अनुसूची -२ को ढाँचामा दुइ जना सदस्यको सिफारिस सहित सञ्चालन समितिमा निबेदन पेश गर्नुपर्नेछ ।समूहका साधारण सदस्य रहेका एक घरका एक जनाले मात्र ऋण लिन पाउनेछन ।

(ख) पेश हुन आएको निबेदन उपर सञ्चालन समितिले आवश्यक छलफल गरी ऋण दिने वा नदिने निर्णय गर्नुपर्नेछ ।

(ग)ऋण मागपत्रमा निबेदक र सिफारिसकर्ताको सनाखत गराई सहभागितात्मक प्राथमिकता स्तरीकरण सूचीलाई आधार मानी प्राथमिकताका आधारमा आवश्यक जाँचबुझ गरी अनुसूची- ३ को ढाँचामा ऋण दिने वा नदिने निर्णय लेखन गर्नुपर्नेछ ।

(घ) ऋण उपलब्ध गराउँदा बार्षिक छ प्रतिसत (६%) ब्याज दरमा हरेक तीन महिनामा किस्ता र ब्याज बापत बुझाउनुपर्ने रकम तोकेर सर्तनामा गराउनु पर्नेछ ।

(ङ)ऋण उपलब्ध गराउँदा निबेदनपत्रमा सिफारिस गर्ने दुइ जना सदस्यलाई साक्षी राखी अनुसूची- ४ को ढाँचामा भरपाई गरी चेक मार्फत रकम उपलब्ध गराउनु पर्नेछ । ऋणीले ऋण भूक्तान नगरेसम्म साक्षी बस्ने सदस्यले ऋण पाउन सक्ने छैनन ।

(च) सामान्यतयाः प्राथमिकता स्तरीकरण सूचीका आधारमा सबै सदस्यले पालै पालो ऋण पाउनेछन । तर एकपटक लिएको ऋणको साँबा ब्याज चुक्ता नगरी अर्को पटक ऋण उपलब्ध गराइने छैन ।

(छ) जुन कामको लागि ऋण लिएको हो सोहि काममा प्रयोग गर्नुपर्नेछ ।अन्य काममा प्रयोग गरेको वा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाहि हुनेछ ।

## परिच्छेद -६
## विविध

**१०. सञ्चालन समितिको कार्यकाल र बरबुझारथ सम्बन्धी व्यवस्था** (१) समूह दर्ता भएको मितिले छ (६) महिना भित्र साधारण सदस्यहरुको भेलाले सञ्चालक समिति चयन गरिसक्नु पर्नेछ । शुरुको छ (६) महिनासम्म तदर्थ सञ्चालन समितिले काम गर्न सक्नेछ ।

क. कुनै पनि निर्णय गर्न साधारण सदस्यको ७५ प्रतिसत उपस्थिति र ५१ प्रतिसत बहुमत आवश्यक पर्नेछ ।पहिलो पटक ७५ प्रतिसत उपस्थिति हुन नसकेमा त्यसपछि ५१ प्रतिसत उपस्थिति मान्य हुनेछ ।

ख. सञ्चालन समितिका पदाधिकारीको कार्यकाल चार (४) बर्षको हुनेछ ।

ग. कुनै पनि कारणबाट समितिको कुनै पद बीचमा खाली भएमा साधारण सदस्यको भेलाले पदपूर्ति गर्नसक्नेछ ।

घ. सञ्चालन समितिको कार्यकाल समाप्त भै वा बिघटन भै वा अन्य कारणबाट नया सञ्चालन समिति गठन भएको तीस (३०) दिन भित्र नयाँ सञ्चालन समितिले बिवरण गाउँपालिकामा पेश गरी बिवरण अद्यावधिक गर्नु पर्नेछ ।

ङ. उचित कारण सहित समूहमा आवद्ध साधारण सदस्यहरुको बहुमत संख्याले सञ्चालन समितिका पुरै वा कुनै पनि पदाधिकारीलाई पदमुक्त गर्न गाउँपालिकामा निबेदन गर्न सक्नेछन । गाउँपालिकाले आवश्यक छानबिन गरी अन्य सदस्यहरुको सहभागितामा नया सञ्चालन समिति गठनगर्न वा सञ्चालन समितिका कुनै पदाधिकारी परिवर्तन गर्न सक्नेछ ।

च. कार्यावधि समाप्त भएको वा पदमुक्त भएको सञ्चालन समिति वा पदाधिकारीले पन्द्र (१५) दिन भित्र आफ्नो जिम्मा रहेको नगदी, जिन्सी, कागजात लगायत सम्पूर्ण चिजबस्तु बरबुझारथ गर्नुपर्नेछ । बरबुझारथ नगरि कुनै हानिनोक्सानी हुन गएमा सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

**११. समूह बिघटनः** (१) तोकिएको काम, कर्तब्य र अधिकार बिपरित गतिबिधि र कार्य गरेका पाइएमा गाउँपालिकाले समूह बिघटन गर्न सक्नेछ ।
(२) तर समूह बिघटन गर्नुपूर्व सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

**१२. समूहको व्यवसायिक योजना हुनेः**(१) समूहका सदस्यहरुको जीविकोपार्जन तथा आयआर्जनको लागि सहुलियत ब्याज दरमा ऋण परिचालन गर्न समूहमा आवद्ध भएका साधारण सदस्यहरुको आवश्यक्ताको आधारमा सहभागितामूलक व्यावसायिक योजना निर्माण गर्नुपर्नेछ ।
(२) व्यावसायिक योजनामा समूहका सदस्यहरुको छलफलबाट पहिचान भएका साना हरित उद्यम तथा क्रियाकलाप सञ्चालन गर्ने बिषयका क्षेत्रहरु समावेश गरिनेछ ।यस्तो व्यावसायिक योजना सञ्चालन समितिले स्वीकृत गर्नसक्ने छ ।
(३) ऋण माग तथा परिचालन गर्दा अनुसूची-५ बमोजिमको ढाँचामा निर्माण गरिएको व्यवसायिक योजनामा समावेश भएका क्रियाकलाप भित्र रही गर्नुपर्नेछ ।

**१३ सेवा सुबिधा रोक्न सक्नेः** समूहबाट लिएको ऋण, साँबा, ब्याज नतिर्ने वा समूहको रकम हिनामिना गर्ने ब्यक्तिको हकमा गाउँपालिकाले अन्य सेवा सुबिधा समेत रोक्का गर्न सक्नेछ ।

**१४. गाउँपालिकाको हुनेः** कुनै पनि कारणबाट समूह बिघटन भएमा समूहमा रहेको नगद, जिन्सी लगायत सम्पूर्ण सम्पत्ति गाउँपालिकाको हुनेछ ।

**१५. प्रचलित कानून बमोजिम हुनेः** (१) यो बिधानमा भएको व्यवस्था प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य र बदर भै प्रचलित कानून बमोजिम हुनेछ ।

तदर्थ सञ्चालन समितिको बिवरणः

| **क्र.सं.** | **पद** | **नाम थर** | **ठेगाना / सम्पर्क नंबर** | **हस्ताक्षर** |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | सचिव | | | |
| ३ | कोषाध्यक्ष | | | |
| ४ | सदस्य | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | सदस्य | | | |
| ११ | सदस्य | | | |

# अनुसूची-१

## सहभागितात्मक प्राथमिकता सूची स्तरीकरणको ढाँचा

कुल पूर्णाङ्कः १००

(क) वन्यजन्तुको आक्रमणमा परी परिवारको सदस्यको मृत्यु भएकोः १५

(ख) वन्यजन्तुको आक्रमणमा परी परिवारका सदस्यको अङ्गभङ्ग भएकोः १०

(ग)बिगत ३ बर्ष यता वन्यजन्तुको आक्रमणमा परी उपचार खर्च पाएकोः ७

(घ) बिगत ३ बर्ष यता वन्यजन्तुबाट घर क्षति वा भण्डारण गरेको अन्न क्षेति भएकोः ५

(ङ)बिगत ३ बर्ष यता वन्यजन्तुबाट भैंसी, राँगा मारेकोः ५

(च) जंगलको किनारमा जग्गा जमिन भएकोः ६

(छ) जंगलको किनारमा घर भएकोः ५

(ज) बर्षभरी खान पुग्नेः २

(झ) ६ महिना सम्म खान पुग्नेः ५

(ञ) ६ महिना भन्दा कम खान पुग्नेः ८

(ट)ढलान वा जस्तापाताको घर भएकोः ५

(ठ)कच्ची घर भएकोः ७

(ड)परिवारका सदस्य CBAPU/RRT/ HMS (Hatti mero sathi) को सदस्य भएकोः ५

(ढ)सञ्चालन समितिले सदस्यको आर्थिक अवस्था हेरी समीतीको निर्णय बमोजिम : १५

सहभागितात्मक प्राथमिकता सूची स्तरिकरण

जिल्ला: पालिका: वडा नं. गाउँको नाम: उपभोक्ता समितिको नाम:

| क.सं. | घरमुलीको नाम र परिवार संख्या | | | | शैक्षिक अवस्था | | | | | पेशा | | | | | | | स्तरिकरणको आधारमा प्राप्ताङ्क | | | | | | | | | | | | | प्राथमिकता स्तर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
| | नाम थर | महिला | पुरुष | जम्मा | निरक्षर | साक्षर | १० कक्षा सम्म | १२ कक्षा सम्म | उच्च शिक्षा | कृषि, पशुपालन | मजदुरी | सरकारी नोकरी | गै.स./निजी क्षेत्र नोकरी | वैदेशिक रोजगार | व्यापार | अन्य | क | ख | ग | घ | ङ | च | छ | ज | झ | ञ | ट | ठ | ड | कुल अङ्क | स्तर |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

अनुसूची-२

ऋण मागपत्रको ढाँचा

श्री अध्यक्षज्यू
**"वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार घुम्तीकोष परिचालन समूह ......... (गाउँ /टोल)**
**गेरुवा गाउँपालिका वडा नं...., बर्दिया**

**विषयः ऋण पाउँ भन्ने बारे ।**

महोदय,

उपरोक्त बिषयमा म वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जनका लागि घुम्तीकोष परिचालन समूह **..(गाउँ/टोल)** को सदस्य हुँ। मलाई निम्न व्यवसाय सञ्चालन गर्नको लागि ऋण आवश्यक परेको हुँदा "वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार घुम्तीकोषबाट सहुलियत ऋण उपलब्ध गराइ पाउँ भनी यो निबेदन पेश गर्दछु ।

**निबेदकः**
नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरीकरणको स्तरः
ऋणको प्रयोजनः
माग गरेको रकम रु.
ऋणको अवधिः
हस्ताक्षरः
मितिः

निजलाई सहुलियत ऋण उपलब्ध गराएमा फरक पर्ने छैन । निजले लिएको ऋण साँवा ब्याज सहित भूक्तान नभएसम्म ऋण माग गर्ने छैन भनी सिफारिस गर्ने सदस्यहरुः
नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरीकरणको स्तरः
हस्ताक्षरः
मितिः

नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरीकरणको स्तरः
हस्ताक्षरः
मितिः

## अनुसूची-३
## सञ्चालन समिति बैठक निर्णय र निर्णयको ढाँचा

आज मिति ..... का दिन वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जनका लागि घुम्तीकोष परिचालन समूह **......(गाउँ/टोल)** को सञ्चालन समितिको बैठक अध्यक्ष श्री .....को अध्यक्षतामा बस्यो । उपस्थिति र निर्णय देहाय बमोजिम छः

उपस्थितिः

अध्यक्ष श्री...

उपाध्यक्ष श्री

सचिव श्री

कोषाध्यक्ष श्री

सदस्य श्री ...

सदस्य श्री.....

ऋण मागपत्रको ब्यहोराः

"वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार घुम्तीकोष परिचालन समूह सदस्यता क्रम संख्या .... भएका श्री ..... ले ........... कार्य गर्नको लागि ऋण माग गरेको हुँदा निजको निबेदन सम्बन्धमा जाँच बुझ गर्दा देहाय बमोजिम अवस्था रहेको पाइयोः

१. निबेदनमा उल्लेख भए अनुसार जीविकोपार्जन गर्ने निजको सक्रियता सम्बन्धमाः

२. निजले ऋण सदुपयोग गरी आय आर्जन गर्ने बिश्वासनियता सम्बन्धमाः

३. निजले गर्न चाहेको कामको जोखिम र प्राप्त हुने उपलब्धि सम्बन्धमाः

४. निजका घरपरिवारको राय सुझाव र प्रतिकृया सम्बन्धमाः

निर्णयको ब्यहोराः

१. निजलाई ऋण उपलब्ध गराउन मुनाशिव छ छैन भन्ने सम्बन्धमाः

२. ऋण उपलब्ध गराउने भए कति ऋण उपलब्ध गराउने भन्ने सम्बन्धमाः

३. ऋणको अवधि सम्बन्धमाः

ऋण समितिका पदाधिकारीहरुको हस्ताक्षर र मितिः

अनुसूची-४

ऋण बुझेको भरपाईको ढाँचा

भरपाई दादै जिल्ला **गेरुवा गाउँपालिका वडा नं. ..... (गाउँ/टोल)** बस्ने वन्यजन्तु प्रभावित समुदायको जीविकोपार्जन सुधार घुम्ती कोष परिचालन समूहको सदस्यता क्रमसंख्या ..... भएको म ... आगे मैले .................प्रयोजनका लागि समूहबाट ...... बैंक ..... शाखाको चेक नं.......बाट रु.......बुझिलिएँ ।सो ऋण रकम मैले तोकेको काममा खर्च गरी तोकेको समयमा साँबा ब्याज बुझाउनेछु ।

हस्ताक्षरः दायाँ

बायाँ

मितिः

साक्षी

हामीले सिफारिस गरे बमोजिम श्री....ले ऋण बापत रु......को चेक बुझेको सत्य हो । निजले उक्त ऋणको साँबा, ब्याज सहित भूक्तानी गाउँसम्म ऋण माग गर्ने छैनौ भनी सहि छाप गरिदियौं ।

नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरीकरणको स्तरः
हस्ताक्षरः
मितिः
नाम थरः
सदस्यता क्रमसंख्याः
सहभागितात्मक प्राथमिकता सूची स्तरीकरणको स्तरः
हस्ताक्षरः
मितिः

## अनुसूची- ५
(बिधानको दफा १२(३) संग सम्बन्धित)
### व्यावसायिक योजनाको ढांचा

व्यवसायको नामः

व्यवसायको उद्देश्यः

आवश्यक मेसिन, उपकरणः

जनशक्तिः

बजार क्षेत्रः

अनुमानित आवश्यक पूँजीः

(१) व्यक्तिगत लगानी रु.

(२) माग लगानी रु.

अनुमानित नाफा रकम रु.

विविधः

आज्ञाले
नर बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत